प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज, बाँके

प.सं. :- २०७६/०७७

च.नं. :-

## प्रस्तावना माग गरिएको सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७६/११/०६ गते )**

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालय, प्रदेश नं. ५, बाँकेबाट संचालन गरिने तपशिलका क्षेत्रमा प्रदेश स्तरीय वार्षिक कार्यक्रमहरु दुई जिल्ला ( बाँके र बर्दिया ) मा कार्यरत संघ संस्थाहरु मार्फत सम्पन्न गराउने भएकोले तपशिलका योग्यता / शर्त पुगेका संघ संस्थाहरुलाई प्रस्तावित ढाँचामा प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रस्ताव पेश गर्न सुचित गरिन्छ ।

| प्रस्तावना नं. | प्रस्तावनाको माग क्षेत्र | विनियोजित रकम | कार्य क्षेत्र |
|---|---|---|---|
| १/३५-१३३ | प्रदेशमा संचालित बाल संरक्षण गृहको व्यवस्थापन, सुदृढिकरण र सञ्चालन अनुदान (प्रति जिल्ला एक संस्था) | ५/५ लाख | बाँके र बर्दिया जिल्ला भित्र रहेका |
| २/३५-१३३ | स्थानीय तहसंग समन्वय गरी दिवा सेवा केन्द्र सञ्चालन, व्यवस्थापन र सुदृढिकरण अनुदान (प्रति जिल्ला २ वटा संस्था) | ५/५ लाख | बाँके र बर्दिया जिल्ला भित्र रहेका |
| ३/३५-१३३ | सि.वि.आर. कार्यक्रम संचालनको लागि सि.वि.आर. संस्था अनुदान कार्यक्रम (प्रति जिल्ला एक संस्था) | ३/३ लाख | बाँके र बर्दिया जिल्ला भित्र रहेका |
| ४/३५-१३३ | लागु औषध तथा दुर्व्यशनी पुनर्स्थापना केन्द्रहरुलाई सहयोग अनुदान (एक मात्र संस्था) | २ लाख | बाँके र बर्दिया जिल्ला भित्र रहेका |
| ५/३५-१३३ | अपाङ्गता पुनर्स्थापना केन्द्र सहयोग अनुदान (एक मात्र संस्था) | ५ लाख | बाँके र बर्दिया जिल्ला भित्र रहेका |
| १/३५-१५३ | मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनर्स्थापना केन्द्र संचालन अनुदात (एक मात्र संस्था) | १० लाख | बाँके जिल्ला भित्र रहेका |
| २/३५-१५३ | लैङ्गिक हिंसा / घरेलु हिंसा प्रभावितका लागि संचालित जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र संचालन अनुदान (प्रति जिल्ला एक संस्था)। | ५/५ लाख | बाँके र बर्दिया जिल्ला भित्र रहेका |

- आवेदक संस्था नियमानुसार दर्ता भई सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवलमा सुचिकृत भएका प्रमाण पेश गर्नु पर्नेछ ।
- प्रदेश नं. ५ को बाँके र बर्दिया जिल्ला भित्र कार्यक्षेत्र भएका संघ संस्थाहरुले सम्बन्धित जिल्लाको कार्यक्रमको मात्र प्रस्ताव पेश गर्न पाईने छ ।
- प्रस्तावना माग गरिएको विषयसँग संस्थाको विधानमा उक्त कार्य गर्ने उदेश्य रहेको र कार्यक्षेत्र मिलेको हुनु पर्ने छ ।
- प्रस्तावना पेश गर्दा सूचना प्रकाशित मितिले १५ औं (पन्ध्रौं) दिनको कार्यालय समय भित्र **सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेमा** प्रस्तावना सिलबन्दी गरी दर्ता गर्नुपर्नेछ। अन्तिम मितिको दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० बजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ।
- म्याद नाघी प्राप्त भएको वा रीत नपुगी प्राप्त प्रस्तावहरु मान्य हुने छैन । सामान्यतया एक संस्थाले एक कार्यक्रम एक जिल्लामा गर्न आउने छ ।
- प्रस्तावना छनौट तथा प्रस्तावना सम्बन्धी कार्य सामाजिक विकास मन्त्रालयको संघ सस्थालाई दिईने अनुदान सम्बन्धी कार्यविधि, २०७५ लाई समेत आधार लिन सकिने छ।
- प्रस्तावना माग गर्दा प्रस्तावना नं. भित्र तथा बाहिर खाममा समेत उल्लेख गर्नुपर्ने छ ।
- प्रस्तावना छनौट भएका संस्थाहरुले सम्झौता बमोजिम काम गर्नु पर्नेछ ।
- कुनै कारण जनाइ वा नजनाई छनौट गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- माथि उल्लेख हुन छुट भएका कुनै विषयहरु वा बाझिएका कुनै कुराहरु सामाजिक विकास मन्त्रालयको निति, निर्देशन र यस कार्यालयको निर्णय अनुसार हुनेछ ।

कार्यालय प्रमुख

प्रदेश नं.५
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज, बाँके

प.सं. :- २०७६/०७७
च.नं. :-

## सीप विकास तालिममा संचालनको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७६/११/०६)

यस कार्यालयवाट आ.व.२०७६/०७७ को दोश्रो सत्रमा सञ्चालन गरिने देहाय अनुसारका सीप विकास १.५ महिने तालीम सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आवेदन फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुवाट तालीम वापत कुनै शुल्क लिइने छैन र तालीम सामग्री उपकरण र प्रशिक्षक वाहेक थप सुविधा पनि दिइने छैन ।

**(क.) निःशुल्क सञ्चालन गरिने तालीमहरुः-**

| सि.नं. | तालीमको विषय | तालीमको अवधि | न्युनतम शैक्षिक योग्यता | फाराम पाईने स्थान |
|---|---|---|---|---|
| १ | ब्युटिसियन एडभान्स | १.५ महिने (१९५ घण्टा) | सम्बन्धित विषयमा कम्तिमा ३ महिना तालिम लिएको प्रमाणपत्र | सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके सम्पर्क नं. ०८१-५५०२८१ |
| २ | कटाई सिलाई एडभान्स | १.५ महिने (१९५ घण्टा) | सम्बन्धित विषयमा कम्तिमा ३ महिना तालिम लिएको प्रमाणपत्र | |

**१. तालीम लिन इच्छुक आवेदकहरुले पालना गर्नुपर्ने शर्तहरुः**

१.१. प्रशिक्षार्थी आवेदन फाराममा रु.१०(दश) को टिकट टाँसी नेपाली नागरिकता र न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी राखी २०७६/११/२० गते (सो दिन विदा परेमा भोलीपल्ट) सम्म कार्यालय समय भित्र उल्लेखित स्थानमा पेश गर्नुपर्नेछ । अन्तर्वार्ता मिति २०७६/११/२२ गतेबाट सुरु हुने र प्रशिक्षार्थी छनौट समितिले गरेको निर्णयानुसार प्रशिक्षार्थी छनौटको सूचना कार्यालयको सूचनापाटीमा प्रकाशन गरिनेछ ।

१.२. तालीममा छनौट भएका उम्मेदवारहरु फाल्गुन २७ गते तालीममा सहभागी हुनुपर्नेछ ।फाल्गुन २८ गते भित्र भर्ना नहुनेहरुको स्थानमा वैकल्पिक उम्मेदवारलाई तालिममा सहभागी गराइनेछ ।

१.३. तालिममा आदिवासी/जनजाति, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र, मधेसी, मुस्लीम, शहिद परिवार, विपन्न, एकल महिला र भुकम्प पिडित व्यक्ति तथा परिवार एवं प्रवेशिका अनुत्तिर्णहरुलाई प्राथमिकता दिइनेछ ।

१.४. तालीम लिन इच्छुक उम्मेदवारको उमेर १८ – ४० बर्षको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वार्तावाट गरिनेछ । एक समूहमा औषत २० – २५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराइनेछ ।

१.५. सहभागीले बस्ने र खान आफैले व्यवस्था गर्नु पर्नेछ ।

१.६. रोजगारी गर्ने वा स्वरोजगारमा उद्यम गर्ने वा स्वरोजगारमा उद्यम गर्ने लक्ष्य भएकाले आवेदन गर्नुहोला ।

१.७. तालिममा छनौट भई मनासिव कारण वेगर तालिम छोडेमा सरकारी अभिलेख राखी भविष्यमा कुनै पनि प्रकारको तालिममा सहभागी गराईने छैन ।

राम करन पात्र
कार्यालय प्रमुख
कार्यालय प्रमख